**आकाशवाणी समाचार- नेपाली**
**मितिः ३१ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरु संग विचार साझा गर्नु हुनेछ।

२. रक्षामन्त्री राजनाथ सिंहले अपरेसन सिदुरका क्रममा भारतीय नौसेनाले पाकिस्तानको सम्पूर्ण नौसेनालाई बन्दरगाहमा सीमित राख्न बाध्य पारेको बताउनु भएको छ।

३. कर्नाटकमा काङ्ग्रेसका वरिष्ठ नेता डी के शिवकुमार काङ्ग्रेस विधायक दलको नेता चुनिएको छ। बुधबार उहाले मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ।

४. प्रमुख सरकारले जुन १ देखि ३१ अक्तूबरसम्म कपास आयातमा सीमा शुल्कमा अस्थायी छुट दिने निर्णय गरेको छ।

५. आइपिएल क्रिकेटको फाइनलमा आज रोयल च्यालेन्जर्स बैंग्लोरले गुजरात टाइटन्सको सामना गर्नेछ।

**<u>पीएम-मन की बात</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरु संग विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको 134 औ संस्करण हुनेछ।
कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै नेटवर्क, एआईआर न्यूज़ वेबसाइट अनि न्यूज़ऑनएआईर मोबाइल ऐपमा गरिने छ। यसको सीधा प्रसारण आकाशवाणी न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिने छ। हिंदी प्रसारण पछि आकाशवाणी बाट प्रादेशिक भाषाहरुमा पनि कार्यक्रम प्रसारित गरिने छ।

**<u>राजनाथ ऑपरेशन सिूदंर</u>**

रक्षामन्त्री राजनाथ सिंहले अपरेसन सिदुरका क्रममा भारतीय नौसेनाले पाकिस्तानको सम्पूर्ण नौसेनालाई बन्दरगाहमा सीमित राख्न बाध्य पारेको बताउनु भएको छ। लखनउमा नौसैनिक शौर्य वाटिकाको उद्घाटन समारोहमा बोल्दै रक्षामन्त्रीले अपरेसन सिदुरको समयमा पाकिस्तानमाथि दबाब सिर्जना गर्न नौसेनाले महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो। यो शौर्य वाटिका एक खुला नौसेना सङ्ग्रहालय हो। श्री सिंहले भन्नुभयो, शत्रुमाथि निरन्तर दबाब कायम राख्न नौसेनालाई अरब सागरमा पूर्ण तत्परता र शक्तिका साथ तैनाथ गरिएको थियो। फलस्वरूप, पाकिस्तानको सम्पूर्ण नौसेना यसको बन्दरगाहहरूमा सीमित भयो। पहलगाम आतंकवादी हमलाको बदला लिन गत वर्ष 7 मईमा अपरेसन सिदुर सुरु गरिएको थियो। यस समयमा भारतीय सेनाले पाकिस्तान र उसको कब्जामा रहेको कश्मीरका कैयौँ आतंकवादी अड्डाहरूमा एकतर्फी आक्रमण गरेको थियो।

**<u>कर्नाटक</u>**

कर्नाटकमा काङ्ग्रेसका वरिष्ठ नेता डी के शिवकुमार काङ्ग्रेस विधायक दलको नेता चुनिएको छ। बैठकमा उहालाई कांग्रेस विधायक दलको नेतामा सर्वसम्मत चयन गरिएको थियो। यस सम्बन्धमा विधायकहरूले सिद्धरमैया र डा. जी. परमेश्वरद्वारा

प्रस्तुत प्रस्ताव पारित गरे। डीके शिवकुमारले बुधबार मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ।

**कपास सीमा शुल्क छूट**

सरकारले जुन १ देखि ३१ अक्तूबरसम्म कपास आयातमा सीमा शुल्कमा अस्थायी छुट दिने निर्णय गरेको छ । कपडा मन्त्रालयले जारी गरेको सूचनाका अनुसार कपास किसान र सम्पूर्ण कपास मूल्य श्रृंखलाको हितमा यो निर्णय लिइएको हो । यस उपायले कपडाको अफ-सिजनको समयमा कपडा उद्योगको लागि पर्याप्त मात्रामा कपासको उपलब्धता सुनिश्चित गर्नेछ। यसले सूक्ष्म, लघु र मध्यम उद्यमलाई सहयोग पुर्याउनेछ, लागत घटाउनेछ र भारतीय कपडा बजारको प्रतिस्पर्धालाई बलियो बनाउनेछ।

यसैबीच वस्त्र मंत्रालयले यस उपायले किसानहरुको हितको सुरक्षा गर्ने र बाजार स्थिरता सुनिश्चित हुने बताएको छ।

**चौहान-खेत बचाओ अभियान**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले  भन्नुभएको छ खेत बचाउ अभियानमा खेत, किसान र गाउँहरुलाई समावेश गर्दै यसलाई व्यापक राष्ट्रीय अभियान बनाउनुपर्छ। केन्द्रीय मन्त्रीले नयाँ दिल्लीमा खेत बचाउ अभियानको तयारी सम्बन्धी एक उच्चस्तरीय बैठकको अध्यक्षता गर्दै सो कुराहरू भन्नुभेको हो। बैठकमा उहाँले अभियानको मुख्य ध्यान उर्वरकहरुको सन्तुलित र उचित प्रयोग, मौसमको चुनौतीलाई ध्यानमा राख्दै किसानहरूलाई समयमै परामर्श, पञ्चायत स्तरमा किसानहरूको सक्रिय सहभागिता र योजनाहरूको प्रत्यक्ष लाभ गाउँसम्म पुऱ्याउने कुरामा केन्द्रित हुनुपर्ने बताउनुभयो। **खेत बचाओ अभियान** आजदेखि देशभरि सञ्चालन हुनेछ। केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्रालयले कृषि विज्ञान केन्द्रह यस अभियानको समन्वयक हुने बताएको छ। मन्त्रालय अनुसार अभियानका लागि एक हजार छह सय भन्दा बढी टीमहरु गठन गरिएको छ। साथै, अत्यधिक उर्वरक प्रयोग भएका जिल्लाहरूका लागि 500 टीम गठन गरिएको छ।

**जितेंद्र सिंह - समाधान दीदी**

कार्मिक, लोक शिकायत र पेन्सन राज्य मन्त्री डा. जितेन्द्र सिंहले हिजो नयाँ दिल्लीमा सीपीग्राम्सका लागि एआई-सक्षम भ्वाइस च्याटबोट 'समाधान दीदी' सुरू गर्नुभयो। भाषिणीको सहयोगमा प्रशासनिक सुधार र सार्वजनिक लोक शिकायत विभागद्वारा विकसित च्याटबोटले नागरिकहरूलाई अन्तर्क्रियात्मक इन्टरफेसको माध्यमबाट सार्वजनिक लोक शिकायत दर्ता गर्न सक्षम बनाउँछ। यसैबीच मिडियालाई सम्बोधन गर्दै डा. जितेन्द्र सिंहले समाधान दिदीलाई सरकारको शिकायत निवारण प्रणालीको दिशामा एक महत्वपूर्ण कदम भएको बताउनु भयो भने समाधान दिदीले हाल सबै २२ अनुसूचित भारतीय भाषाहरूलाई समर्थन गर्ने र थप क्षेत्रीय र स्थानीय भाषाहरू समावेश गर्ने प्रयास भइरहेको बताउनु भयो।

**नायडू-स्काई कास्ट आई.जी.आई.**

केन्द्रीय नागरिक उड्डयन मन्त्री राममोहन नायडुले नयाँ दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा स्काई कास्ट प्रणाली सुरु गरेकोमा प्रशंसा गर्नुभयो। एक सोशल मीडिया पोस्टमा, श्री नायडुले भन्नुभयो स्काईकास्ट जस्ता उन्नत मौसम निगरानी प्रणालीहरूले कुहिरो र अन्य अवरोधहरू जस्तै अवरोधहरूको समयमा उडान सञ्चालनमा उल्लेखनीय सुधार गर्न सक्छ। उहाका अनुसार यो प्रविधि देशका धेरै विमानस्थलमा विस्तार भएपछि यात्रुको सुरक्षा र यात्राको अनुभव थप सुदृढ हुनेछ ।

**म्यांमा राष्ट्रपति - दिल्ली**

म्यान्माका राष्ट्रपति ऊ मिन आऊँ लाइन भारतको पाँच दिने भ्रमणका लागि नयाँ दिल्ली आइपुगनु भयो । उहालाई विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले स्वागत गर्नुभयो। यसअघि म्यान्माका राष्ट्रपतिले बिहारको गयाको भ्रमण गरी महाबोधि मन्दिरमा पूजाअर्चना गर्नुभयो । उहाका साथमा मन्त्रीहरु, उच्च अधिकारीहरु र व्यापारिक नेताहरुको उच्चस्तरीय प्रतिनिधिमण्डल पनि सामेल छन ।

**चुनाव आयोग - परामर्शदाता सम्मेलन**

निर्वाचन आयोगका कानूनी परामर्शदाताहरूको राष्ट्रिय सम्मेलन हिजो नयाँ दिल्लीमा सम्पन्न भएको छ। सम्मेलनको उद्घाटन मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले निष्पक्ष र सही मतदाता नामावली निष्पक्ष निर्वाचनको आधारशिला भएको बताउनु भयो। उहाले बुथ स्तर अधिकारी र बुथ स्तर एजेन्टहरूको भूमिका महत्वपूर्ण रहेको बताउँदै मतदाता नामावली सही र अद्यतन राख्न उनीहरूले महत्त्वपूर्ण भूमिका खेलने बताउनु भयो। श्री ज्ञानेश कुमारले असम, केरला, पुडुचेरी, तमिलनाडु र पश्चिम बङ्गालमा हालै सम्पन्न विधानसभा चुनावहरूको उल्लेख गर्दै यी राज्यहरूमा कडा चुनावी प्रतिस्पर्धा भएको बताउनु भयो। उहाले देशभरिका अदालतहरूमा निर्वाचन आयोगको प्रतिनिधित्व गर्ने अधिवक्ता र कानुनी परामर्शदाताहरूको समर्पण र कडा परिश्रमको प्रशंसा गर्नुभयो। सम्मेलनमा सर्वोच्च अदालत र विभिन्न उच्च अदालतका निर्वाचन आयोगका अधिवक्ता, आयोगका प्रमुख कार्यकारी अधिकारी लगायत वरिष्ठ अधिकारीको सहभागिता रहेको थियो ।

## पश्चिमी नौसेना कमान प्रमुख

वाइस एडमिरल संजय वत्सयानले भारतीय नौसेनाको पश्चिमी नौसेना कमानका प्रमुखको पदभार संभालनु भएको छ| यो पद भारतीय नौसेनाको सबैभन्दा महत्वपूर्ण परिचालन पदहरु मध्ये एक मानिन्छ ।
यो भन्दा पहिला उहाले नयाँ दिल्लीको नौसेना मुख्यालयमा उप नौसेना प्रमुखको रूपमा कार्य गरिरहनु भएको थियो ।

राष्ट्रीय रक्षा अकादमीको पूर्व छात्र वाइस एडमिरल वत्सयानले 1 जनवरी 1988 मा भारतीय नौसेनामा कमीशन पाएको थियो । उहा तोप अनि मिसाइल प्रणालिहरुको विशेषज्ञ हुन् अनि नौसेनामा 35 वर्ष भन्दा अधिकको अनुभव राख्द छ ।

## मौसम

मौसम विभागले केरलम, माहे, तमिलनाडु, पुडुचेरी र कराइकलमा बुधबारसम्म भारी वर्षा हुने अनुमान गरेको छ । यस्तै ओडिसा, कर्नाटक, मध्य प्रदेश र देशको उत्तरपूर्वी भागमा भोलिसम्म भारी वर्षा हुने पूर्वानुमान गरेको छ। पूर्वी राजस्थान, गुजरात, हिमाचल प्रदेश, उत्तराखण्ड र विदर्भका विभिन्न स्थानमा चट्याङ र असिनासहित भारी वर्षाको सम्भावना रहेको छ। दिल्ली, हरियाणा र चण्डीगढका केही स्थानमा भोलिसम्म मेघगर्जनसहित चट्याङ पर्ने सम्भावना रहेको छ । कोङ्कण र गोवामा आज तातो र आर्द्र मौसम हुने अनुमान गरिएको छ। आगामी दुई दिन राजस्थानका केही स्थानमा मेघ गर्जनसहित वर्षाको सम्भावना रहेको छ ।

## आई.पी.एल. क्रिकेट-फाइनल

आइपिएल क्रिकेटको फाइनलमा आज रोयल च्यालेन्जर्स बैंग्लोरले गुजरात टाइटन्सको सामना गर्दैछ। खेल साँझ साढे सात बजे अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा सुरु हुनेछ ।

## बैडमिंटन सिंगापुर ओपन

सिंगापुर ओपन ब्याडमिन्टन च्याम्पियनसिपको पुरुष डबल्समा आज भारतका सात्विकसाईराज रङ्कीरेड्डी र चिराग सेट्टीको जोडीले इन्डोनेसियाका मोहमद शोहिबुल फिक्री र फज्र अल्फियानको जोडीसँग प्रतिस्पर्धा गर्दैछन् । भारतीय जोडीले मई २०२४ मा थाइल्यान्ड ओपनपछि कुनै पनि उपाधि जित्न सकेका छैनन् । भारतीय जोडीले सेमिफाइनलमा दक्षिण कोरियाका सिओ सेउंग-जाए र किम वोन–होलाई पराजित गरेको थिए ।